बैठक संख्या: १/२०८२-०८३

स्थान : रासी नगरपालिका सभाहल

मिती : २०८२।०५।१३ गते

समय : विहान ८:१५ बजे

रासी नगरपालिकाका नगर प्रमुख श्री शमशेर लामाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो।

तपसिल

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शमशेर लामा | प्रमुख | |
| २ | श्री देवेन्द्र लामा | उपप्रमुख | |
| ३ | श्री सिद्धिलाल स्याङ्तान | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री श्यामसुन्दर उप्रेती | वडा अध्यक्ष वडा नं.२ | |
| ५ | श्री शिवकान्त ओली | वडा अध्यक्ष वडा नं.३ | |
| ६ | श्री केदार प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं.४ | |
| ७ | श्री सिताराम तामाङ | वडा अध्यक्ष वडा नं.५ | |
| ८ | श्री जल्लु महतो थारु | वडा अध्यक्ष वडा नं.६ | |
| ९ | श्री मन्जु कुमारी थापा मगर | का.वा.वडा अध्यक्ष वडा नं.७ | |
| १० | श्री पुर्ण प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं.८ | |
| ११ | श्री राम कुमार सुवेदी | का.वा.वडा अध्यक्ष वडा नं.९ | |
| १२ | श्री तेज वहदुर तामाङ | वडा अध्यक्ष वडा नं.१० | |
| १३ | श्री बुद्धि बहादुर तामाङ | वडा अध्यक्ष वडा नं.११ | |
| १४ | श्री अर्जुन प्रजा | वडा अध्यक्ष वडा नं.१२ | |
| १५ | श्री अशोक कुमार प्रजा | वडा अध्यक्ष वडा नं.१३ | |
| १६ | श्री गोमादेवी धरेल | कार्यपालिका सदस्य | |
| १७ | श्री मित्रा कुमारी तितुङ | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १८ | श्री कविता राई | कार्यपालिका सदस्य | |
| १९ | श्री रमिता परियार | कार्यपालिका सदस्य | |
| २० | श्री मिना कुमारी अधिकारी | कार्यपालिका सदस्य | |
| २० | श्री आइती देवी दराई | कार्यपालिका सदस्य | |
| २२ | श्री रेलबहादुर प्रजा | कार्यपालिका सदस्य | |
| २३ | श्री भक्त बहादुर सुनार | कार्यपालिका सदस्य | |
| २४ | श्री अमर बहादुर वली | सचिव | |

<u>आमन्त्रित</u>

| क.स. | पदाधिकारी/कर्मचारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १. | सुदिप रेग्मी | इन्जिनियर | |
| २. | बिर्जलाल डाँगी | अधिकृत | |
| ३. | रमेश चौधरी | क. अ. | |
| | | | |

श्री ... कार्यालय ... भण्डारा, चितवन ... २०७३

**बैठक संख्या :** १/२०८२-०८३ मिति : २०८२-०५-१३

## प्रस्तावहरु

१. भण्डारा माध्यामिक विद्यालयमा विज्ञान संकाय अनुमति सम्बन्धमा ।

२. स्थानीय दररेट सम्बन्धमा ।

३. करार कर्मचारीको म्याद थप सम्बन्धमा ।

४. स्थानीय विदा सम्बन्धमा ।

राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठोरी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

# संवत् २०८२ साल भाद्र १३ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु
## (बैठक नं.१-२०८२/०८३)

निर्णय नं. १- राप्ती नगरपालिका वडा नं. ६ मा रहेको श्री भण्डारा माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठनको विषय र ११ कक्षामा विज्ञान संकाय अनुमतिको विषयमा अध्ययन गरी सत्यतथ्य छानविन गर्ने गरी देहाय बमोजिम पदाधिकारी रहने समिति गठन गर्ने, उक्त समितिलाई मिति २०८२।०५।१७ गतेसम्म प्रतिवेदन पेश गर्न जिम्मेवारी दिने ।

संयोजक-जल्लु चौधरी, वडा अध्यक्ष ६ नं. वडा
सदस्य-अर्जुन प्रजा, वडा अध्यक्ष १२ नं. वडा
सदस्य-लक्ष्मी लामिछाने, अधिकृत छैटौं (शिक्षा)

निर्णय नं. २- (क) स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा १३ बमोजिम राप्ती नगरपालिका क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दररेट स्वीकृतीका लागि जिल्ला प्रशासन कार्यालय, चितवनबाट स्वीकृत आर्थिक वर्ष २०८२/०८३ को लागि प्रयोग हुने कामदार तथा निर्माण सामाग्रीहरुको स्वीकृत जिल्ला दररेट प्रयोग गर्ने ।

(ख) राप्ती नगरपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम स्वीकृत वार्षिक योजनाहरुमध्ये उपभोक्ता समितिले काम गर्ने भनि निक्यौल भएका योजनाहरुको असोज मसान्तसम्म राप्ती उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम एक योजना एक उपभोक्ता समिति गठन गरी योजना सम्झौता गरी विकास कार्यक्रम अगाडि वढाउने ।

निर्णय नं.३- (क) यस नगरपालिकाको स्विकृत दरवन्दीमा करार सेवामा रहेका कर्मचारीहरुको म्याद "करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मूल्याङ्कन मापदण्ड २०७८" बमोजिम नियमानुसार मिति २०८२।०४।०१ गतेदेखि २०८२।०९।३० सम्म थप गर्ने ।

(ख) नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौंको च.नं. ४०, मिति २०७४/१२/१३ गतेको पत्रानुसार सामाजिक परिचालकहरुलाई स्थानीय तहको आर्थिक दायित्व रहने गरी कार्यालय सहायक वा सामाजिक परिचालक पदमा सेवा करारमा परिचालन गर्न सकिने भनि पत्र प्राप्त भएकोमा साविक जिल्ला विकास समिति/गाउँ विकास समितिबाट सामाजिक परिचालकमा नियुक्त भई अविछिन्न रुपमा हालसम्म यस नगरपालिकामा कामकाज गरिरहेका देहायका सामाजिक परिचालकहरुलाई राप्ती नगरपालिकाको स्वीकृत O & M बमोजिम सहायक कम्प्यूटर अपरेटर/चौंथो तहमा कामकाजमा लगाउने ।

१. निरुता नहर्कि पाठक
२. रुचिला रेग्मी
३. मन्जिला कँडेल
४. रचना चेपाङ
५. शर्मिला मोक्तान

(ग) यस नगरपालिका मातहत साविक पिप्ले अन्तरगत १ नं. वडा, विरेन्द्रनगर अन्तरगत ७ नं. वडा र कोराक अन्तरगत ११ नं. वडामा कृषि तथा पशु सेवा केन्द्र सञ्चालित रहेकोमा उक्त सेवा केन्द्रहरुमा कृषि/पशु सेवाको १/१ जना चौथों तहको प्राविधिक दरबन्दी राखी सञ्चालन गर्ने । सोही अनुसार देहाय करार कर्मचारीहरुको म्याद मिति २०८२।०४।०१ गतेदेखि २०८२।०९।३० सम्म थप गर्ने ।

## संवत् २०८२ साल भाद्र १३ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु
## (बैठक नं.१-२०८२/०८३)

१. देउमी खड्का, ना.प्रा.स.

२. सृजना प्रजा, ना.प्रा.स

३. सविन लामा मुक्तान, ना.प.शे.प्रा.स.

४. खेमराज पन्त, ना.प.शे.प्रा.स.

(घ) यस नगरपालिकावाट मिति २०७५।०९।११ गते सेवा करारमा लिने सम्वन्धी प्रकाशित सूचना अनुसार डार्करुम असिस्टेण्ट, स्वास्थ्य, रेडियोग्राफी, चौंथो तहकोलाई विज्ञापन भएकोमा छनौट भई सो पदमा नन्दनी कुमारी कार्यरत रहेकोमा स्थानीय तहको आधारभूत अस्पतालको संगठनात्मक संरचना र दरवन्दीमा रेडियोग्राफर तह (५/६/७) को दरवन्दी भएतापनि निजलाई अर्को व्यवस्था नभएसम्म चौंथो तहमा कामकाज लगाउने गरी मिति २०८२।०४।०१ गतेदेखि २०८२।०९।३० सम्म करार म्याद थप गर्ने ।

निर्णय नं.४-चेपाङ जातीको महान चाड न्वागीको अवसरमा मिति २०८२।०५।२३ गते राप्ती नगरपालिकाभर स्थानीय विदा दिने र उक्त कार्यक्रमको लागि जनजाती कार्यक्रमवाट खर्च हुने गरी रु.१ लाख आर्थिक सहायता गर्ने ।